जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १२ • अंक ३५२ • २०८२ असोज २४ गते शुक्रवार • 10 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-







# किसानहरूको धानबाली बाढीका कारण डुबानमा पर्दा महिनौँको मेहनत खेर गयो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्ती, २३ असोज**



धान रोप्ने समयमा खडेरीको पीडा झेलेका किसान अहिले बाली भित्र्याउने समयमा आएको अविरण वर्षा र बाढीले थलिएका छन् । धान बाली डुबान हुँदा महिनौँको मेहनत खेर गएको किसान बताउँछन् । जलेश्वर नगरपालिका-२ का किसान रामअशिष ठाकुर वरहीका अनुसार धान रोप्ने समयमा खडेरीले दुःख दियो भने भित्र्याउने समयमा बाढीले सतायो । 'धान रोप्ने समयमा पानी नै परेन ।

जसोतसो हजारौं खर्च गरेर धान रोप्यौं । ऋण लिएर मल ल्यायौं, तर अहिले बाढीले सबै नष्ट गरिदियो,' उनले भने, 'राहतको मुख ताक्नुबाहेक हामीसँग अरू उपाय छैन ।' केही दिन अघिको अविरल वर्षासँगै आएको बाढीले जिल्लाभरिका हजारौं बिघा धानबाली डुबानमा परेको छ। यससँगै किसानको महिनौँको मेहनत खेर गएको छ । केही हप्ता अघिसम्म हरियो धान हल्लिँदै गरेको खेत अहिले पूरै डुबेका छन् । फल्ने तयारीमा रहेको बाली बाढीले सखाप पार्दा किसानहरूको अनुहारमा चिन्ता छाएको छ । जलेश्वरकै किसान महिचन पासवानले भने, 'यत्रो मेहनत गरेर रोपेको खेत अहिले नदी बनेको छ। भगवानकै भरोसा छ। राज्य त हाम्रा समस्या सुन्ने फुर्सदमा छैन ।' महोत्तरीका जलेश्वर, मनरा, गौशाला, एकडारा, सोनमा लगायतका क्षेत्र डुबानमा परेका छन् । खेतमा पानी जम्दा धानका बोट सड्न थालेका छन् । लामो खडेरीका कारण मधेसमा ढिलो गरी रोपाइँ भएको थियो । ऋण काढेरै भए पनि जसोतसो धान रोपेका किसानको परिश्रम बाढीले एकैपटक बगाएर लग्यो । कृषक रहिमण राइनले भने, 'कसैले धान रोप्न साहुसँग ऋण लिएका थिए । कसैले घरको गहना बेचेर खेती गरेका थिए ।

उब्जनी भएको धान बेचेर ऋण तिर्ने योजना थियो । भित्र्याउने बेलामा आएको बाढीले किसानलाई थप पीडित बनाइदिएको छ ।' मधेसका किसान धान खेतीका लागि लिएको ऋण तिर्नमात्र होइन, वर्षभरि के खाएर गुजारा गर्ने भन्ने चिन्तामा समेत छन् । अधिकांश किसान आफूलाई वर्षभरि खान पुग्नेगरी धान राखेर बाँकी उब्जनी बेचेर घर खर्च चलाउँदै आएका छन् । यो पटक धान बाली नष्ट भएपछि कसरी गुजारा गर्ने भन्ने चिन्तामा उनीहरू छन् । मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका विशेषज्ञ डा. सरोज चौधरीका अनुसार राज्यले तुरुन्तै क्षतिको मूल्याङ्कन गरी प्रभावित किसानहरूलाई राहत, बिउ-मल वितरण र आगामी बालीका लागि पुनःउत्थान कार्यक्रम ल्याउन जरुरी छ। अन्यथा यसले मधेस क्षेत्रमा खाद्य सङ्कट र आर्थिक असन्तुलन निम्त्याउने खतरा छ । लामो खडेरीका कारण ढिलो गरी गरिएको रोपाइँले यस वर्ष महोत्तरीमा कुल खेतीयोग्य क्षेत्रफलको ७५.३४ प्रतिशतमा मात्र धान रोपाइँ सम्पन्न भएको थियो । कठिनाइका बाबजुद किसानले जसोतसो धान रोपेका थिए, तर बाली लहलहाउने बेला परेको अविरल वर्षा र बाढीले त्यो मेहनत एकैछिनमा नष्ट गरिदियो ।

# प्रसुति हुनेको संख्या ५०० नाघेपछि विशेषज्ञ चिकित्सक सहितको टिमलाई सम्मान

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २३ असोज**



सर्लाहीको लालबन्दीस्थित नगर अस्पताल डुमडुमेमा शल्यक्रिया (सिएस) मार्फत प्रसुति हुनेको संख्या ५०० नाघेपछि विशेषज्ञ चिकित्सक सहितको टिमलाई सम्मान गरिएको छ।

नगरपालिका कार्यालयले पाँच सय महिलाको सफलता पूर्वक शल्यक्रियाद्वारा प्रसूति गराउन सफल भएपछि प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. रामविश्वास राय दनुवारसहित प्रसूति वार्डका सम्पूर्ण स्वास्थ्यकर्मीलाई बुधबार अस्पतालमा एक कार्यक्रमको आयोजना गरी सम्मान गरेको हो । उहाँहरूलाई प्रोत्साहनस्वरूप सम्मानपत्रसहित सम्मान गरी केक काटेर खुसीयाली साटासाट गरिएको लालबन्दी नगरपालिका कार्यालयले जनाएको छ। डा. रायसहित उहाँको टिमलाई लालबन्दी नगरपालिकाका प्रमुख वासुदेव अधिकारी, उपप्रमुख कल्पनामाया पाखिन, प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपाने, नगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चन्दन चौधरी, जनप्रतिनिधि, अस्पतालका पदाधिकारी लगायतले सम्मान गर्नुभएको हो । कार्यक्रमका वक्ताहरूले स्थानीय स्तरमै उत्कृष्ट प्रसूति सेवा दिँदै शल्यक्रिया मार्फत पाँच सय महिलालाई प्रसूति गराएको प्रति खुसी व्यक्त गर्दै आगामी दिनमा यो सेवालाई थप गुणस्तरीय हिसाबले अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

नगर अस्पतालमा २०८० फागुन २१ गतेदेखि प्रसूतितर्फ शल्यक्रिया सेवा सुरु भएको थियो । लालबन्दी नगरपालिका मातहतको यस अस्पतालमा दुई वर्षको अवधिमा शल्यक्रियातर्फको पाँच सयसहित दुई हजार महिलाले प्रसूति सेवा लिइसकेका अस्पतालले जनाएको छ । अस्पतालका प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. रामविश्वास राय दनुवारले आफ्नै गृह जिल्लामा सीमित स्रोत साधनका बाबजुत यसरी सेवा प्रवाह गर्न पाउँदा अत्यन्त खुसी लागिरहेको बताउनुभयो। अस्पतालमा आइसियू, एनआइसियू र बालरोग विशेषज्ञको व्यवस्था हुने हो भने प्रसुति सेवा अझ प्रभावकारी र विश्वसनीय बन्ने स्वास्थ्यकर्मीले बताएका छन् ।

# महोत्तरीको जलेश्वरमा बाढी प्रभावित ९० परिवारलाई राहत वितरण



**जलेश्वरटुडे समाचारदाता**
**महोत्ती, २३ असोज**

भीषण वर्षासँगै आएको बाढीबाट प्रभावित महोत्तरीको जलेश्वर नगरपालिका क्षेत्रका ९० परिवारलाई राहत सामग्री वितरण गरिएको छ। राहत वितरण सेभ द चिल्ड्रेनको सहकार्यमा रतौली युवा क्लबले बुधबार सम्पन्न गरेको हो ।

गत शनिबार र आइतबार लगातार परेको भारी वर्षापछि रातु नदीमा आएको बाढीले जलेश्वर नगरपालिका लगायतका विभिन्न क्षेत्र डुबानमा परेका थिए । बाढीबाट विशेषगरी वडा नम्बर १ र ८ बढी प्रभावित भएका छन् ।

रतौली युवा क्लबका अध्यक्ष बैद्नाथ चौधरीका अनुसार बाढीपीडित परिवारलाई प्रतिपरिवार करिब १० हजार रुपैयाँ बराबरको राहत सामग्री वितरण गरिएको छ। "शेल्टर किट, हाइजिन किट, पानी फिल्टर, एलुमिनियम भूँई म्याट, पातलो कम्बल र भान्सा किटजस्ता आवश्यक गैर-खाद्य सामग्री प्रदान गरिएको छ," उनले जानकारी दिए ।

उनका अनुसार बुधबार मात्रै ९० परिवारलाई राहत वितरण गरिएको हो भने बाँकी प्रभावित परिवारहरूलाई समेत चाँडै राहत उपलब्ध गराउने तयारी भइरहेको छ । यसैबीच, जलेश्वर नगरपालिकाभित्र क्रियाशील विभिन्न संघसंस्थाहरूले समेत राहत वितरण कार्यमा अग्रसरता देखाइरहेका छन् । स्थानीय तह र सामाजिक संस्थाहरूको समन्वयमा थप सहयोग र पुनःस्थापना कार्य अगाडि बढाउने तयारी भइरहेको जनाइएको छ।


GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627



Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence




# मधेस प्रदेशमा सत्ता लोभ र जेनजी आन्दोलन

मधेस प्रदेशमा अहिले सत्ता लोभका कारण राजिनामा दिएको मुख्यमन्त्री समेत पद छोडन चाहेको छैन भने प्रतिपक्ष दलहरु उनलाई पदच्यूत गर्न लागि परेको देखिन्छ । जेनजी आन्दोलनको पक्कै पनि यो मर्म थिएन । मधेस सहित समग्र देशलाई नयाँ नेपालको ढाँचामा ढाल्न सहादत प्राप्त जेनजी आन्दोलनको उद्देश्य कदापि मधेस प्रदेशमा देखिएको सत्ता लोभलाई उत्प्रेरित गर्नु थिएन ।

हिजोको इतिहास र आजको संघर्षको स्वरूप फरक भएता पनि लक्ष्य त नयाँ नेपाल सिर्जना गर्ने, राष्ट्रको रक्षा र भविष्यको उज्यालो किरणले देशलाई झकिझकाउ पार्ने नै हुनु पर्दछ। आज नयाँ पुस्ताको यो बलिदानले अवश्य पनि नयाँ नेपाल कोरिने देखिन्छ र पुराना पुस्ताले यसलाई सहयोग र समन्वय देखाउन अति आवश्यक रहेको देखिन्छ। फेरि पनि पुरानै ढिपी र स्वार्थभाव बोकेका अरिंगालको हातमा प्रदेश तथा देश नपरोस् । वास्तवमा भन्ने हो भने जेन-जीलाई असफल गर्ने काम कसैले नगरौं। जेन-जीका नाममा अबका दिनमा कसैले धमिलो पानीमा झैं माछा मार्ने काम नगरौं । सम्भावनाको बाटो देखाउनु नै हामी सबैको जिम्मेवारी र दायित्व रहेको देखिन्छ।
अत्याचारले सीमा नाघेपछि निस्केका ती निर्देश सपनाहरूको हिजो र आजको लडाइँबीच केही फरक भए पनि लक्ष्य भने एउटै रहेको देखिन्छ। पार्टीगत भागबण्डा भन्दा पनि मधेस प्रदेशलाई सबल र आत्मनिर्भर बनाउन सक्ने व्यक्ति नेतृत्व पँक्तीमा आउन जरुरी रहेको देखिन्छ। मात्र ठुलो कुरा गरेर हुने रहेन छ । व्यवहारमा लागु गरी समग्र मधेसलाई चौतर्फी विकासको बाटोमा डोर्‍याउन सक्ने साहसी तथा निस्वार्थ व्यक्तिको खाँचो रहेको छ यहाँ। जेनजी समेतले अहिले आफ्नो सुझाव राख्न आवश्यक रहेको देखिन्छ।

# डाइभर्सन बनाएपछि चार पाङ्ग्रे सवारी साधनहरु गुडन सुरु

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २३ असोज**

सर्लाहीको कौडेनामा बाढीले बगाएर अवरुद्ध बनेको पूर्वपश्चिम हुलाकी राजमार्गमा डाइभर्सन बनाएपछि बिहीबारबाट चार पाङ्गे सवारी साधन सञ्चालन हुन थालेका छन्। भीषण वर्षापछि गत शनिबार राति लखन्देही खोलामा आएको बाढीले कौडेना गाउँपालिका-३, पर्सा गाउँ नजिकै १५० मिटर पक्की सडक बगाएको थियो।



उक्त स्थानमा हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुर र कौडेना गाउँपालिकाले समन्वय गरी अस्थायी डाइभर्सन निर्माण गरेसँगै बिहीबार बिहानबाट चार पाङ्गे सवारी साधन गुड्न थालेका हुन् । कौडेना गाउँपालिकाका अध्यक्ष रुपेश कुमार (बब्लु) ले दुई दिन र दुई रातको अथक प्रयासपछि डाइभर्सन निर्माण गरेर राजमार्ग सुचारु गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार 'वान वे' अर्थात् एक पटकमा एउटा मात्रै चार पाङ्गे सवारी वारपार गर्न मिल्ने गरी डाइभर्सन निर्माण गरिएको छ। बाढीले सडक बगाएको ठाउँ नजिक इँटा उद्योगबाट फुटेका इँटा र माटो ल्याएर डाइभर्सन तयार पारिएको हो। सर्लाहीको दक्षिण-पश्चिम भेगलाई सदरमुकाम मलङ्गवासँग जोड्ने मुख्य सडकको रूपमा रहेको पूर्वपश्चिम हुलाकी राजमार्ग बाढीले बगाएपछि समस्या परिरहेको थियो।

यो ठाउँमा यसअघि स्थानीय युवा र सुरक्षाकर्मी भएर बाँस र पटाको लच्का निर्माण गरी पैदलयात्रु, साइकल र मोटरसाइकल वारपार हुने व्यवस्था मिलाएका थिए । प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय मिलेर बनाएको बाँस र पटाको लच्का पुरेर त्यही ठाउँमा अस्थायी डाइभर्सन बनाइएको बताउनुभयो।

कौडेनामा बर्सेनिजसो लखन्देहीको बाढी पसेर हुलाकी सडक बगाउने गरेकाले अब भने कलभर्ट निर्माण गरेर पानी निकास हुने व्यवस्था मिलाउन पहल भइरहेको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरले जनाएको छ।




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# खाल्डोमा जमेको पानीमा डुबेर एक बालकको मृत्यु



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २३ असोज**

धनुषाको वटेशवर गाँउपालिका -१ स्थित बडहरी खोला नजिक रहेको खाल्डोमा जमेको पानीमा डुबेर एक बालकको मृत्यु भएको छ। क्रसर माफियाले खनेको खाल्डो र त्यसमा जमेको पानीमा साथीहरु सँग नुहाउन गएका बेला स्थानिय रामशोगारथ महतोको १४ वर्षिय छोरा अविनाश महतोको पानीमा डुबेर मृत्यु भएको ईलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ।

वटेशवर गाँउपालिका -१ का वाडा अध्यक्ष अशोक महतोका अनुसार "हामीसँग कुनै समन्वय नगरी खेत धनीले क्रसर माफिया सँग मिलि अवैध उत्खनन् गरेको छ। र यस्ता घटनाहरु बारम्बार दोहोरिने भएकाले दोषीलाई कानुनी दायरामा ल्याउन आवश्यक रहेको बताए । "यो घटनाको जिम्मेवार क्रसर माफियासँगै स्थानीय सरकार र स्थानीय प्रहरी प्रशासन समेत रहेको र कमिसनको आडमा अवैध उत्खननको संरक्षक यी दुवै निकाय गरेको हुनाले दोषीलाई कानुनी दायरामा ल्याउनु पर्ने स्थानिय गाउँलेहरू को भनाई छ। वटेशवर गाँउपालिका र मिथिला नगरपालिका को क्षेत्रमा क्रसर माफियाहरुको बिगबिगी निरन्तर रहेको छ।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथुन: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कुम्भ: खानपानमा समस्या आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# हामी मध्यपूर्वमा एक सम्झौतामा पुग्न निकै नजिक छौं: ट्रम्प

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ असोज



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आउँदो साताको अन्त्यतिर इजिप्ट जाने सम्भावना रहेको संकेत गरेका छन्।

उनले मध्यपूर्वमा चलिरहेको शान्ति वार्तामा महत्वपूर्ण प्रगति भएको भन्दै सम्झौता धेरै नजिक पुगेको बताएका छन्। अल-जजिराका अनुसार ट्रम्पले यसबारे बुधबार ह्वाइट हाउसमा आयोजित कार्यक्रममा जानकारी दिएका हुन्।

कार्यक्रमका क्रममा अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पठाएको नोट पढ्दै ट्रम्पले भने, 'विदेशमन्त्रीले मलाई एउटा नोट दिएका छन्। जसमा भनिएको छ कि हामी मध्यपूर्वमा एक सम्झौतामा पुग्न निकै नजिक छौं, र मलाई चाँडै त्यहाँ जानुपर्नेछ।' ट्रम्पले आफू शनिबारको आसपास इजीप्ट प्रस्थान गर्न सक्ने सम्भावना रहेको उल्लेख गर्दै भने, 'मलाई अहिले केही समस्या समाधान गर्नका लागि मध्यपूर्व जानुपर्नेछ।' अल-जजिराका अनुसार एक वरिष्ठ प्यालीस्टेनी स्रोतले भनेका छन् कि इजीप्ट स्थित मध्यस्थकर्ताहरूले प्यालेस्टेनी पक्षलाई सम्झाएको छन्। यदि सम्झौता भयो भने ट्रम्पले गाजामा युद्ध अन्त्यको घोषणा गर्नेछन्। प्यालेस्टेनी प्रतिनिधिमण्डलले कैदीहरूको मुक्तिसँगै इजरायली फौजले गाजाको भित्री भागबाट फिर्ता हुने नक्सा प्रस्तुत गर्नुपर्ने माग गरेको बताइएको छ। मध्यस्थकर्ताहरूले दुवै पक्ष-प्यालेस्टेनी र इजरायलीलाई शुक्रबारलाई अन्तिम समयसीमा तोक्न आग्रह गरेका छन्। हमासले सबै इजरायली बन्धकहरूलाई रिहा गर्न र मृतकहरूलाई परिस्थिति सहज भएपछि मात्र हस्तान्तरण गर्ने सहमति जनाएको बताइएको छ।

# बिहीबारका लागि यस्तो छ विदेशी मुद्राको विनिमय दर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ असोज




नेपाल राष्ट्र बैङ्कले बिहीबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ७८ पैसा र बिक्रीदर १४२ रुपैयाँ ३८ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १६४ रुपैयाँ ८८ पैसा र बिक्रीदर १६५ रुपैयाँ ५८ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १९० रुपैयाँ ४ पैसा र बिक्रीदर १९० रुपैयाँ ८५ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १७७ रुपैयाँ २७ पैसा र बिक्रीदर १७८ रुपैयाँ २ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९३ रुपैयाँ १८ पैसा र बिक्रीदर ९३ रुपैयाँ ५७, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ ६५ पैसा र बिक्रीदर १०२ रुपैयाँ ८ पैसा निर्धारण गरिएको छ।

सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ ९३ पैसा र बिक्रीदर १०९ रुपैयाँ ८९ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ २९ पैसा र बिक्रीदर नौ रुपैयाँ ६५ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ९१ पैसा र बिक्रीदर २० रुपैयाँ, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ८० पैसा र बिक्रीदर ३७ रुपैयाँ ९६ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ९० पैसा र बिक्रीदर ३९ रुपैयाँ ६ पैसा कायम भएको छ।

# बलिउड अभिनेत्री शिल्पालाई अदालतको झड्का

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ असोज



बलिउड अभिनेत्री शिल्पा शेट्टीलाई बम्बई उच्च अदालतले विदेश भ्रमणको अनुमति दिन अस्वीकार गरेको छ। अदालतले उनी र उनका पति राज कुन्द्रालाई समेत विदेश भ्रमण गर्न रोकेको हो।

शिल्पा दम्पतीविरुद्ध ६० करोड भारुको ठगी आरोपमा एफआइआर दर्ता भएका कारण उच्चले उनीहरूलाई विदेश भ्रमण पहिले ६० करोड भारतीय रुपैयाँ जम्मा गर्न भनेको छ। अदालतको आर्थिक अपराध शाखाले उनीहरू दुवै विरुद्ध 'लुकआउट सर्कुलर (एलओसी)' समेत जारी गरेको छ। जसको कारण उनीहरू अदालतको अनुमति बिना विदेश भ्रमण गर्न सक्दैनन्। शिल्पाका वकिलले अदालतमा अभिनेत्रीलाई एक युट्युब कार्यक्रमका लागि कोलम्बो जान परेको जानकारी गराएका थिए। कार्यक्रममा २५ देखि २९ अक्टोबर आयोजना भनिएको थियो। अदालतले वकिलसँग निमन्त्रणा समेत मागेको थियो। वकिलले जबसम्म यात्राको अनुमति मिल्दैन निमन्त्रणा पनि पठाउँदैनन् भन्ने जानकारी गराएका थिए। यस विषयमा अदालतले शिल्पा दम्पतीले पहिले ६० करोड भारु अदालतमा जम्मा गर्नु, त्यसपछि यस विषयमा बिचार गरिन्छ भनेको थियो। शिल्पा दम्पतीको मुद्दाको १४ अक्टोबरमा सुनुवाइ रहेको छ। केही अगाडि दीपक कोठारी, लोटस क्यापिटल फाइनान्सियल सर्भिसेज लिमिटेडका निर्देशक लगायतले शिल्पा शेट्टी र राज कुन्द्राविरूद्ध ६० करोड भारुभन्दा बढी ठगी गरेको उजुरी दर्ता गराएका थिए।

# नेपाललाई मलेसिया विरुद्धको शृंखला

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ असोज



नेपाली महिला क्रिकेट टोलीले मलेसियाविरुद्धको पाँच ट्वान्टी-२० अन्तर्राष्ट्रिय खेलको शृंखला ३-२ ले जितेको छ। नेपालले बुधबार भएको पाँचौं ट्वान्टी-२० अन्तर्राष्ट्रियमा मलेसियालाई ५ विकेटले पराजित गरेसँगै शृंखला कब्जा गरेको हो।

नेपालले अघिल्लो दिन चौथो खेलमा ६ विकेटको विजय हात पार्दै शृंखला २-२ को बराबरीमा ल्याएको थियो। नेपालले सन् २०२३ मा पनि मलेसिया भ्रमणमा खेलिएको ट्वान्टी-२० अन्तर्राष्ट्रिय खेलको शृंखला ३-२ ले नै जितेको थियो। नेपालले यसअघि सन् २०२२ मा कतारसँगको शृंखला ३-० ले जितेको थियो। टस जितेर ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभर मा ७ विकेट गुमाई १ सय ३ रन बनाएको थियो। कप्तान विनिफ्रेड दुराइसिंघमले सर्वाधिक ४० रन बनाइन्। उनले ४६ बल खेल्दै ५ चौका प्रहार गरिन्।

माहिराहले १८ बल खेल्दै १ चौकासहित १९ र ऐइना हमिजाह हासिमले १९ बलमा २ चौकासहित १५ रन बनाइन्। नेपालबाट कविता कुँवरले ३ विकेट लिइन्। उनले तीनै विकेट अन्तिम ओभरमा लिएकी थिइन्। सोक्रममा उनले कुल ४ ओभरमा १६ रन खर्चिन्। राजमती ऐरीले ३ ओभरमा १५ रन खर्चेर ३ र रचना चौधरीले ३ ओभरमा १६ रन खर्चेर १ विकेट लिइन्। हासिम र दुराइसिंघमले ६ ओभरमा ३८ रन जोड्दै मलेसियालाई उत्कृष्ट सुरुआत दिलाएका थिए।

सातौं ओभरमा रचना चौधरीलाई बोल्ड गरी नेपाललाई पहिलो सफलता दिलाइन्। त्यसपछि नेपालले कसिलो बलिङ गरेको थियो। राजमतीले १४ औं ओभरमा नुर इजातुल र मास इलिसालाई लगातार बलमा आउट गरेपछि खेल नेपालले नियन्त्रणमा लिएको थियो।






# विदेशमा मताधिकार : लोकतन्त्रका लागि अवसर




-नेपालको संविधानले सबै नागरिकलाई राजनीतिक निर्णय प्रक्रियामा भाग लिन सुनिश्चित गरे पनि विदेशमा रहेका नेपालीले व्यावहारिक रूपमा मताधिकार प्रयोग गर्न पाएका छैनन् । विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिन कानुनी, वित्तीय र प्राविधिक चुनौतीहरू छन्, तर अन्तरिम सरकारले यो विषयलाई प्राथमिकता दिँदै क्रमिक रूपमा लागू गर्ने योजना अघि सारेको छ। मतदान प्रक्रियाको निष्ठा, पारदर्शिता र सुरक्षामा जोखिम नआओस् भनेर पाइलट परियोजना मार्फत चरणबद्ध रूपमा कार्यान्वयन गर्नु लोकतन्त्रका लागि सकारात्मक अवसर हुन सक्छ।

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानको धारा १७ ले प्रत्येक नागरिकलाई समान रूपमा राजनीतिक निर्णय प्रक्रियामा भाग लिन सुनिश्चितता प्रदान गरेको छ । विदेशमा रहेका नेपाली विद्यार्थी, कूटनीतिक नियोगका कर्मचारी, शान्ति सेनामा कार्यरत, प्रवासी कामदार, उद्यमी, व्यापारमा संलग्न व्यक्तिका हकमा यो अधिकार व्यावहारिक रूपमा लागू भएको छैन । वार्षिक रूपमा लाखौं युवा विदेश पलायन भएर देशको अर्थतन्त्रलाई रेमिट्यान्समार्फत बलियो बनाउनेहरू नै आफ्नो राजनीतिक अधिकारबाट वञ्चित रहेका छन् । विदेशमा रहेका नेपाली नागरिकको 'मताधिकार प्रयोग गर्न पाउने अधिकार' आधारभूत मानवअधिकारको विषय हो ।

यो उनीहरूको संवैधानिक अधिकार पनि हो । 'निर्वाचनमा सबै नागरिकको समान अवसरसहित वास्तविक भावना र इच्छासमेतलाई प्रतिनिधित्व गर्नका लागि वैदेशिक रोजगारीमा रहेका नागरिकलाई मुलुकबाहिरबाटै सबै तहको निर्वाचनमा मतदान गर्न पाउने अवसर प्रदान गर्नुपर्ने देखिएको तथा सो कार्यलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न सकिने नै देखिँदा आवश्यक कानुनी र अन्य पूर्वाधारको व्यवस्था गरी मतदानको अधिकार प्रदान गर्न' सर्वोच्च अदालतले नेपाल सरकार र निर्वाचन आयोगलाई निर्देशनात्मक आदेशसमेत जारी गरेको छ । सर्वोच्च अदालतले वि.सं. २०७४ चैत ७ मा विदेशमा रहेका नेपालीलाई समेत मतदानको अवसर दिलाउनका लागि आवश्यक पर्ने कानुन तीन महिनाभित्र निर्माण गर्नका लागि निर्वाचन आयोगलाई आदेश दिए पनि हालसम्म यो कार्यान्वयन भएको छैन । नवनियुक्त गृहमन्त्री ओमप्रकाश अर्यालले विदेशमा रहेका नेपालीलाई आगामी निर्वाचनमा मतदानको अधिकार दिने योजना सार्वजनिक गरेपछि यो सवाल फेरि बहसमा आएको छ । मन्त्री अर्यालले निर्वाचन आयोगका पदाधिकारीसँगको छलफलमा अध्यादेशमार्फत कानुन संशोधन गरेर भए पनि प्रवासी नेपालीलाई समानुपातिक निर्वाचन प्रणालीमा भाग लिन दिने र उमेर पुगिसकेका तर मतदाता नामावलीमा नाम नभएका युवालाई पनि समावेश गर्ने योजना सार्वजनिक गरेका थिए । विगतका निर्वाचनमा समानुपातिक निर्वाचन प्रक्रियामा विदेशमा रहेका नेपालीलाई मतदानमा सहभागिता गराउने मुद्दा पटक-पटक उठेको छ । वि.सं. २०७४ को संविधानसभाको निर्वाचनदेखि नै विदेशमा रहेका नेपालीको मताधिकारको माग बलियोसँग उठेको थियो । नन-रेजिडेन्ट नेपाली एसोसिएसन ( एनआरएनए) ले वि.सं. २०६० मा 'एब्सेन्टी भोटिङ फर नेपाली डायस्पोरा' नामक प्रतिवेदन तयार पारेको थियो, जसमा विदेशबाट मतदान गर्न सक्ने सम्भाव्यता अध्ययन गरिएको थियो । तर, राजनीतिक अस्थिरता र प्राथमिकताको अभावले यो अगाडि बढ्न सकेन । तर नयाँ अन्तरिम सरकारले यो मुद्दालाई प्राथमिकता दिएको देखिन्छ, जसलाई सकारात्मक मान्न सकिन्छ । यद्यपि, व्यावहारिक चुनौतीलाई छिचोल्न भने सोचेअनुरूप सहज भने देखिँदैन । अन्तर्राष्ट्रिय अभ्यास कस्तो छ ? अन्तर्राष्ट्रिय कानुनले विदेशमा रहेका नागरिकलाई मताधिकारबाट वञ्चित गर्न नहुने मान्यता राख्छ । मानवअधिकारको विश्वव्यापी घोषणा (१९४८) को धारा २१ (३) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र (१९६६) को धारा २५ ले बिना कुनै भेदभाव प्रत्येक नागरिकलाई मतदान गर्ने अधिकार सुनिश्चितता प्रदान गरेको छ । यसैगरी, आप्रवासी कामदारसम्बन्धी संयुक्त अन्तर्राष्ट्रिय महासन्धि (१९९०) को धारा ४१ ले आप्रवासी कामदार र उनीहरूका परिवारलाई आफ्नो देशको निर्वाचनमा मतदान गर्न पाउने अधिकार हुने उल्लेख गरेको छ, जसको व्यवस्था गर्नु राज्यको दायित्व हो ।

यी प्रावधानहरूले विदेशमा रहेको कारणले मात्र नागरिकलाई मताधिकारबाट वञ्चित गर्नु मानवअधिकार कानुनविपरीत हुने देखाउँछन् । विश्वका धेरै देशले विदेशमा रहेका आफ्ना नागरिकलाई मतदानको अधिकार दिएका छन् । संयुक्त राज्य अमेरिकाले सन् १८६२ देखि, अस्ट्रेलियाले सन् १९०२ देखि र भारतले सन् २०१० को संशोधनमार्फत यस्तो व्यवस्था लागू गरेका छन् । सन् २००७ को एक प्रतिवेदन अनुसार एक सयभन्दा बढी देशले विभिन्न नाममा विदेशमा रहेका आफ्ना नागरिकलाई मतदानको व्यवस्था गरेका छन् । यसमा दक्षिण अफ्रिका, अफगानिस्तान लगायतका देशले दूतावास र कन्सुलेटमा मतदान केन्द्र राख्ने व्यवस्था गरेका छन् । संयुक्त राज्य अमेरिका, क्यानडा लगायतका देशले हुलाक मार्फत मतदान गर्ने व्यवस्था गरेका छन् । यसैगरी भानुआटु लगायतका कतिपय देशले वारेस वा प्रतिनिधिमार्फत मतदानको व्यवस्था मिलाएका छन् ।

साभार : कान्तिपुर ।



अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
मिथिला बिहारी नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday